# नेपाल फाईनान्स लिमिटेड
# Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"

Kamaladi, Kathmandu, Nepal
+977-01-4247020
+977-01-4241237
mail@nefinsco.com
www.nefinsco.com


## बिसौं, एक्काइसौं, बाइसौं, तेइसौं, चौबिसौं, पच्चिसौं, छब्बिसौं तथा सत्ताइसौं
## साधारण सभा सम्बन्धी सूचना

**आदरणीय श्री शेयरधनी महानुभावहरु**

यस बित्तिय संस्थाको मिति २०७७/०४/१६ गते बसेको सञ्चालक समितिको ३२५औं बैठकको निर्णय अनुसार यस बित्तिय संस्थाको बिसौं, एक्काइसौं, बाइसौं, तेइसौं, चौबिसौं, पच्चिसौं, छब्बिसौं तथा सत्ताइसौं साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने स्थान, मिति र समय**

**मिति** : २०७७ साल भाद्र ११ गते (तदनुसार २७ अगष्ट २०२०) बिहिबार ।

**स्थान** : एल्लो प्यागोडा होटल कान्तिपथ काठमाडौ ।

**समय** : विहान ११:०० बजे ।

**छलफलका विषयहरू:**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आ.व.०६८/६९ का लेखा परिक्षक सुन्दर एण्ड कम्पनी चार्टर्ड एकउन्टेन्टस, आ.व. ०६९/७०, ०७०/७१, ०७१/७२ को लेखा परिक्षक एन अमात्य एण्ड कम्पनी चार्टर्ड एकउन्टेन्टस, आ.व. ०७२/७३, आ.व. ०७३/७४, आ.व. ०७४/७५ का बस्याल एण्ड एसोसियट्स चार्टर्ड एकउन्टेन्टस र आ.ब. ०७५/७६ का लागि एम खनाल एण्ड कम्पनी बाहयलेखा परिक्षकमा नियुक्त हुनुभएकको मा निजहरुको नियुक्ती अनुमोदन गर्ने तथा निजहरुको पारिश्रमिक समेत अनुमोदन गर्ने ।

३. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.०६८/६९, ०६९/७०, ०७०/७१, ०७१/७२, ०७२/७३, ०७३/७४, ०७४/७५ र ०७५/७६ का वासलात, नाफा नोक्सान हिसाब, तथा नगद प्रवाह लगायतको विस्तृत बिबरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

४. आ.व. ०७६/७७ को लागि लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखा परिक्षक नियुक्ति गर्ने तथा सोको पारिश्रमिक निर्धारण गर्ने ।

५. संचालक समितिमा स्वतन्त्र संचालक तथा सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने रिक्त रहेको संचालक पदमा बाँकी कार्यकालका लागि गरिएको संचालकको नियुक्तीलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. वित्तिय संस्थाको अधिकृत पूँजी रु. १००,००,००,०००/-(अक्षरेपी एक अरब मात्र) रहेकोमा जारी तथा चुक्ता पूँजी (मिति २०७४ फागुन २९ गतेको बिषेश साधारणसभाबाट पारित हकप्रद शेयर बाँडफाँड पश्चात) रु. ३०,५५,५१,१२५/-(अक्षरेपी तिस करोड पचपन्न लाख एकाउन्न हजार एक सय पच्चिस मात्र) बाट बृद्धि गरी रु. ८४,०२,६५,५९४/- (अक्षरेपी चौरासी करोड दुई लाख पैसाठ्ठी हजार पाँच सय चौरानब्बे मात्र) पुर्‍याउन १:१.७५ (एक बराबर एक दशमलब सात पाँच) को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने र सोहि बमोजिम प्रबन्धपत्र नियमावली संसोधन गर्ने ।

२. वित्तिय संस्थाले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा एक्विजिसन गर्ने प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने र गाभिने तथा एक्विजिसन, गर्ने सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र गाभ्ने र गाभिने तथा एक्विजिसन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. वित्तिय संस्थाको प्रबन्धपत्र, नियमावली संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम लगतकट्टा, आबश्यक संसोधन/परिमार्जन लगायत गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तिय संस्थाको बिशेषसाधारण सभाबाट पारित अन्य प्रस्तावहरु समेत निरन्तरता सहित अनुमोदन गर्ने र संस्थाको नाम, लोगो परिवर्तन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

६. वित्तिय संस्थालाई आवश्यक पर्ने अन्य निति नियमहरु संसोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

७. विविध ।

सञ्चालक समितिको आज्ञाले

**कम्पनी सचिव**

**पुनश्चः** साधारण सभा सम्बन्धि जानकारी संस्थाको Website : www.nefinsco.com मा हेर्न सकिने ब्यहोरा जानकारी गराउदछु ।